आज मिति २०८१।१२।०४ गते दिउँसो ४:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

**उपस्थिति**

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | विमला |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री बासुदेव भट्टराई | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

**मिति :२०८१।१२।०४ गते दिउँसो ४:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णयः** मिति २०८१।११।११ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

२. **आय व्यय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को मिति २०८१।१२।०३ गते सम्मको आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ ४८.३७ प्रतिशत तथा पूँजीगत खर्च तर्फ ६.९३ प्रतिशत रकम खर्च भएको साथै २०८१।११।२९ गते सम्म आन्तरिक राजश्व तर्फ १ करोड ८८ लाख १९ हजार १४० रुपैयाँ प्राप्त भएको जानकारी प्राप्त भयो।

३. **सम्पन्न योजनाहरूको फर-फारक सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ मा सञ्चालित योजना तथा कार्यक्रम मध्ये मिति २०८१।११।११ देखि २०८१।१२।०३ गते सम्म योजना शाखाबाट प्राप्त विवरण अनुसार ११ वटा योजना तथा कार्यक्रमहरु फरफारकको लागि पेश भएको व्यहोरा जानकारी प्राप्त भयो।

४. **सार्वजनिक सुनुवाईको समिक्षा सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई मिति २०८१।११।२८ गते बुधबार, बुद्धभूमि नगरपालिकाको बहुउद्देश्यीय सभाहल, हनुमानचोक, बुडढीमा सञ्चालन भई बुद्धभूमि नगरपालिकाको दोस्रो चौमासिक सम्मको प्रगति प्रस्तुत भएकोमा समिक्षा पश्चात सहभागीहरूबाट प्राप्त सल्लाह, सुझाव तथा गुनासोहरूलाई क्रमशः सम्बोधन गर्दै जाने निर्णय गरियो।

५. **नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिका अन्तर्गत रहेका विभिन्न खोलाहरूबाट नदीजन्य पदार्थ व्यवस्थापनको लागि सूचना प्रकाशन भई ४ वटा खोला (गुडरूङ खोला, अगिया खोला, वाणगंगा खोला, बेलगुडरूङ खोला) सम्झौता भएको, वन डिभिजन कार्यालय, गौतमबुद्ध चन्द्रौटाबाट वन क्षेत्र पर्ने भनी उत्खननमा रोक लगाएकोले अगिया खोलामा नदीजन्य पदार्थ उत्खनन सुरूवात हुन नसकेको अन्य खोलामा सम्झौता कार्यान्वयनको चरणमा रहेको जानकारी प्राप्त भयो। साथै झिंगवा खोला र घोघवा खोला ३ पटक सम्म सूचना प्रकाशन गर्दा समेत ठेक्का लाग्न नसकेको व्यहोरा समेत जानकारी भयो। साथै नदीजन्य पदार्थ उत्खनन हुने वडामा वडा कार्यसमितिले समय समयमा अनुगमन तथा निगरानी गरी नगरमा जानकारी गराउने निर्णय गरियो।

वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

६. **योजनाको म्याद थप सम्बन्धमा।**

**निर्णयः क)** उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरू निर्माण सामाग्रीको अभावमा तोकिएको मितिमा सम्पन्न हुन नसक्ने उपभोक्ता समितिसँग सम्झौता भएका सबै योजनाहरूको सम्पन्न गर्ने म्याद २०८२ बैशाख १५ गते सम्म थप निर्णय गरियो।

**ख)** बुद्धभूमि नगरपालिका वडा नं. ३ रनगाई स्थित सिमलबुटा ट्रस पुल निर्माणको म्याद २०८१।१२।३० गते सम्म भएकोले सो समयमा योजना सम्पन्न हुन नसक्ने भएको हुँदा मिति २०८२ असार १५ गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

७. **विविध।**

क) **ठेक्काको म्याद थप सम्बन्धमा।**

निर्णयः बुद्धभूमि नगरपालिका वडा नं. ३ स्थित झिंगवा खोलाको नजिक पुरानो डम्पिङ्गबाट राष्ट्रिय गौरवको आयोजना अन्तर्गत हुलाकी सडक आयोजना खरेन्द्रपुर-शितलपुर-भिल्मी सडक निर्माणको लागि श्री स्वच्छन्द/सिरूवा/वल्डवाइड जे. भी. काठमाण्डौं सब कन्ट्रक्याट श्री AV& N Construction सँग सम्झौता भई मिति २०८१।११।२४ सम्म सम्झौता म्याद रहेकोमा स्थानीयवासीबाट अवरोध भएको भनी समयमा उक्त नदीजन्य पदार्थ उठाउन नसकिएकोले बाँकी निर्माण सामाग्री लैजानको लागि म्याद थप गरिदिनुहुन अनुरोध गरी मिति २०८१।११।१९ गते निवेदन प्राप्त भएकोले २०८१।११।२५ देखि २०८१।१२।२५ गते सम्म उक्त नदीजन्य पदार्थ लैजानको लागि म्याद थप गर्ने निर्णय गरियो।

ख) **आर्थिक सहयोग सम्बन्धमा।**

निर्णयः श्री जयबुद्ध बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको च.नं. ११३ मिति २०८१।११।२३ गतेको पत्रानुसार उक्त संस्थाले २०८१।११।१७ गते वृहत्त रक्तदान कार्यक्रम सञ्चालन गरेकोले उक्त कार्यक्रमको लागि सहयोग स्वरूप रू. २५,०००।– (पच्चीस हजार मात्र) सामाजिक विकास तर्फको युवा लक्षित कार्यक्रमको सि.नं. ३ मा विनियोजित रू. २,००,०००।– (दुई लाख मात्र) रक्तदान कार्यक्रम स्रोत सामग्री व्यवस्थापन (कार्यविधि अनुरूप प्रमुखको सहमति) शिर्षकबाट दिने निर्णय गरियो।

ग) **सडक बोर्ड नेपालको तर्फका योजना कार्यक्रम सम्बन्धमा।**

**निर्णय :** सडकबोर्ड नेपालको च.नं. १४९४ मिति २०८१।११।२२ को पत्रानुसार आ.व. २०८१।०८२ को लागि बुद्धभूमि नगरपालिका अन्तर्गत स्वीकृत कार्यक्रमको लागि कुल लागत ६६,८८,९९६।– रहेकोमा सडक बोर्डले व्यहोर्ने रकम रू. ४०,००,०००।– र बुद्धभूमि नगरपालिकाको पन्ध्रौं नगरसभाबाट पारित बार्षिक विकास योजनाको पेज नं. ६९ को ३.५ लागत सहभागिता अन्तर्गत क्र.स. ५ मा सडकबोर्ड कार्यक्रमको लागि रू. २५,००,०००। विनियोजन भएकोमा अपुग रकम रू. १,८८,९९६।– आन्तरिक स्रोतबाट व्यवस्था हुनेगरी अगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

घ) **१५ शैया अस्पतालको म्याद थप सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको वडा नं. २ बडहरामां निर्माण कार्य भई रहेको १५ शैयाको अस्पतालको लागि नेपाल सरकारबाट २०८० सालमा बजेट नआएकोले यस अघि सम्मको सम्झौता म्याद २०८१ चैत्र मसान्त सम्म

वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

रहेकोमा उक्त समय भित्र निर्माण कार्य सम्पन्न गर्न नसकिने भएकोले म्याद थपको लागि श्री Dragon -PP J/V ले मिति २०८१।१२।०१ गते निवेदन पेश गरेकोमा आ.व. २०८१।०८२ को असार १५ सम्म निर्माण सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

ङ) **झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको लागि सामाजिक परिचालन तथा प्राविधिक सहयोग सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिकामा झोलुङ्गे पुल निर्माण कार्य अन्तर्गत सामाजिक परिचालन तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको लुम्बिनी एकीकृत विकास संस्था (लिडो-नेपाल) सँग आगामी ३ वर्षको लागि सामाजिक परिचालन तथा प्राविधिक सहयोगका लागि २०७८।१२।१४ मा भएको द्विपक्षीय सम्झौताका शर्तहरू अनुसार नै हुने गरी सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

२०८१।१२।०८
वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

२०८१।१२।०८
केशव कुमार श्रेष्ठ
नगर प्रमुख